म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५ मंगलबार २९ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 13 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती र सुदूरपश्चिमका प्रदेशप्रमुखबीच भेटवार्ता

हेटौंडा, २८ साउन/बागमती प्रदेशका प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा र सुदूरपश्चिम प्रदेशका प्रदेशप्रमुख नजिर मियाँबीच सोमबार भेटवार्ता भएको छ । सुदूरपश्चिमको राजधानी कैलालीमा भएको भेटमा बागमती प्रदेशका प्रदेशप्रमुख देवकोटालाई सुदूरपश्चिम प्रदेशका प्रदेशप्रमुख मियाँले बधाइ तथा सफल कार्यकालको शुभकामना दिए । सुदूरपश्चिमका बासिन्दा देवकोटालाई १४ साउनमा संघीय सरकारको मन्त्रिपरिषद बैठकले बागमतीको प्रदेशप्रमुख सिफारिस गरेको थियो । देवकोटाले १७ साउनमा राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिएका थिए । १८ साउनमा बागमती प्रदेश कार्यालय हेटौंडामा पदबहाल भएका देवकोटा आइतबार गृहजिल्ला कैलाली पुगेका थिए । प्रदेशप्रमुख नियुक्त भएपछि पहिलोपटक गृहजिल्ला पुगेका देवकोटालाई सुदूरपश्चिम प्रदेशप्रमुख कार्यालयका कर्मचारी तथा स्थानीयवासीले पनि बधाई दिएका थिए । प्रदेश प्रमुखबीच दुई प्रदेशको समन्वय र सहकार्य तथा विकासका सन्दर्भमा छलफल भएको प्रदेशप्रमुख देवकोटाको सचिवालयले जनाएको छ ।

# बागमती प्रदेश सरकारको खर्च प्रणाली सुधारोन्मुख

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ मुलुक प्रादेशिक संरचनामा गएपछि बागमती प्रदेश सरकारले बिनियोजन गरेको बजेट खर्च गर्ने क्षमतामा पछिल्ला वर्ष सुधार आएको छ । विगतका आर्थिक वर्षहरुमा मुस्किलले ६५ प्रतिशत वित्तीय प्रगति गर्ने बागमती सरकारको खर्च प्रणालीमा थोरै सुधार देखिएको हो ।

प्रदेश गठन भएदेखि नै बजेट कार्यान्वयन सुस्त देखिएको बजेट खर्च गत आर्थिक वर्षमा थोरै सुधार आएर ७२ प्रतिशतभन्दा बढी खर्च गर्न सक्षम भएको देखिएको छ । यसअघिका हरेक वर्ष प्रदेश सरकारको करिब ४० प्रतिशत बजेट फ्रिज हुँदै आएको थियो । विगत ७ वर्षको तुलनामा गत आर्थिक वर्षमा सबैभन्दा बढी ७२ प्रतिशत बजेट खर्च गरेको पाइएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म प्रदेश सरकारको कुल बजेट खर्च ७२ दशमलव ३ प्रतिशत भएको छ । पछिल्लो समय १ महिना निरन्तर एउटै सरकारले काम गर्ने अवसर पाउँदा बजेट खर्च बढेको विश्लेषण गरिएको छ । प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार विगत ५ वर्षको तथ्यांक हेर्दा प्रदेश सरकारको बजेट खर्च सुधारोन्मुख देखिएको छ । विगतका वर्षहरुको तुलनामा गत आर्थिक वर्षमा प्रदेश सरकारले सबैभन्दा बढी बजेट खर्च गरेको उनले बताए ।

ठुलो आकारको बजेट र महत्वाकांक्षी योजना अघि सारेपनि सरकार आफैंले बनाएको योजना कार्यान्वयनमा समस्या भोग्दै आएको थियो । जसका कारण बजेट खर्चको प्रगति अपेक्षाकृत हुन सकेन । बागमती सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा पुँजीगततर्फ ७९.४७ प्रतिशत, चालुतर्फ ६५.१४ प्रतिशत खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ ।

राजनीतिक, प्रशासनिक तथा योजना छनोट र कार्यान्वयनको नीतिले बजेट खर्च बढेको प्रदेश लेखा नियन्त्रक उपाध्यायले बताए । प्रदेश सरकारले योजना कार्यान्वयनमा ५ वर्षे नीति लिएसँगै योजना छनोट र बजेट विनियोजन प्रणालीमा केही सुधार आएकाले त्यसको प्रभाव बजेट खर्चमा देखिएको उपाध्यायको भनाइ छ । प्रदेशका १३ मन्त्रालय र मातहतका निकायले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको कुल बजेटमध्ये ४५ अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक उपाध्यायले जानकारी दिएका छन् ।

प्रदेश सरकारले गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा ६.२३ प्रतिशत बढी बजेट खर्च गरेको हो । आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजित बजेटको ६६.०६ प्रतिशत बजेट खर्च गरेको थियो । सबैभन्दा बढी अंकको बजेट ल्याएको आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको खर्च ६६.०६ प्रतिशत मात्र थियो । यो आर्थिक वर्षका लागि ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको बागमती सरकारले ४६ अर्ब ८६ करोड २० लाख रुपैयाँ खर्च गरेको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको कुल बजेटको ६५.८३ प्रतिशत खर्च हुँदा ३४.१७ प्रतिशत बजेट फ्रिज भएको थियो । यो आर्थिक वर्षमा ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याइएको प्रदेश सरकारले जम्मा ३७ अर्ब ९९ करोड ४९ लाख ४६ हजार रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले ६९ प्रतिशत खर्च गरेको थियो । यो आर्थिक वर्षमा प्रदेशले ५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेकोमा ३५ अर्ब ५९ करोड ४८ लाख ४१ हजार ५०१ रुपैयाँ खर्च गरेको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा पनि बागमती प्रदेश सरकारले बजेट खर्च सोचेअनुरुप गर्न सकेन । यो वर्ष कुल बजेटको जम्मा ५८.७१ प्रतिशत खर्च भएको थियो भने ४१.२९ प्रतिशत बजेट फ्रिज भएको थियो । प्रदेश सरकारले २०७६/७७ मा ४७ अर्ब ६० करोड ७८ लाख ८६ हजार रुपैयाँको विनियोजित बजेटमध्ये २७ अर्ब ९५ करोड ८ लाख ७० हजार ४६९ रुपैयाँ खर्च गरेको थियो । बागमती सरकारको पहिलो आर्थिक वर्ष २०७५/७६ मा ल्याएको बजेटको जम्मा ६० प्रतिशतमात्र खर्च भएको थियो ।

अर्थतन्त्रका जानकार तथा तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलका सल्लाहकार डीपी ढकालका अनुसार सरकारले लिएका नीति र योजना कार्यान्वयनको पूरा अवसर प्राप्त भएकाले बजेट खर्चमा सुधार आएको हो । १८ महिनासम्म सरकार स्थिर रहेकाले मन्त्रीहरुले गर्नुपर्ने काम प्रभावकारी भएकाले बजेट खर्चमा सुधार भएको ढकालको भनाइ छ ।

प्रदेश सरकारका कार्ययोजना, समयसीमा र जिम्मेवारीका बारेमा नेतृत्वकर्ताले गरेको कार्यसम्पादन सम्झौता तथा अनुगमनले बजेट खर्चमा सुधार आएको ढकालले बताएका छन् ।

# फरार व्यवसायी अमृत दाहाल पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, २८ साउन/ करिब दुई वर्षदेखि फरार रहेका हेटौंडाका व्यवसायी अमृत दाहाल सोमबार पक्राउ परेका छन् । पक्राउ परेसँगै दाहाल कैद भुक्तानका लागि भीमफेदी कारागार जाने भएका छन् ।

हेटौंडा उपमहानगर पालिका-६, स्थित गौरिटार निबासी दाहाललाई चेकअनादर मुद्दामा अदालतबाट सजाय तोकिएर पनि फरार रहेका थिए । अदालतको फैसला कार्यान्वयनका लागि पक्राउ गरिएको मकवानपुरका प्रहरीप्रमुख एसपी सीताराम रिजालले जानकारी दिए । दाहालमाथि चेक अनादर मुद्दामा १० असोज २०७८ मा मकवानपुर जिल्ला अदालतले ६ महिना कैदको सजाय सुनाएको थियो ।

वादी शम्भुप्रसाद दुलालले ६ महिनाको सिदा खर्चसमेत २५ कार्तिक २०७९ मा दाखिला गरि सकेका छन् । अदालतले २८ कार्तिक २०७९ मा आदेश अनुसार मुद्दाको फैसला कार्यान्वयनको लागि थुनामा पठाउन पक्राउ गरी अदालतमा उपस्थिति गराउन पत्राचार गरेकोमा प्रतिवादी दाहाल फरार रहेका थिए । जिल्ला अदालतले १६ साउन २०८१ मा दाहाललाई पक्राउ गरी उपस्थित गराइदिन जिल्ला प्रहरी कार्यालयलाई ताकेतापत्र लेखेको थियो ।

नेकपा माओवादी केन्द्र निकट मानिने दाहाल आफ्नो पार्टी सत्तामा रहुन्जेल पक्राउ पर्नबाट जोगिएका थिए । दाहाल प्रहरीको रेकर्डमा फरारको सूचिमा थिए । तर, उनी हेटौंडा बजारमै घुमफिर गरिरहेका देखिन्थे ।




# बागमतीमा खानेपानी र सिँचाई योजनाको अनुगमन



साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ बागमती प्रदेश सरकारका खानेपानी ऊर्जा तथा सिंचाईमन्त्री श्यामबहादुर खड्काले मकवानपुरको बागमती गाउँपालिकाको खानेपानी तथा सिंचाईको अवस्थाको बारेका अनुगमन गरेका छन् ।

वर्षौंदेखि चौराखोला र बागमती नदीका कारण समस्यामा परेका स्थानीयको आग्रहअनुसार मन्त्री खड्काले यो क्षेत्रको निरीक्षण गरेका हुन् । चौराखोला र बागमती नदीले बागमती गाउपालिका वडा नम्बर १, ६, ७ र ८ को खेतीयोग्य जमिन वर्षेनी कटान हुने गरेको छ । २०५० सालयता हालसम्म यी क्षेत्रका करिब ५ सय बिगाहा खेतीयोग्य जमिन नदीले कटान गरेको बागमती गाउँपालिका-८ का वडाअध्यक्ष इन्द्रमणि तिमल्सिना 'केशव' ले बताए ।

नदीले निरन्तर खेतीयोग्य जग्गा कटान गर्न थालेपछि स्थानीयले सास्ती भोगिरहेका छन् । नदीकटान क्षेत्रमा तटबन्ध निर्माण गरी समस्या समाधान गरिदिन वडाअध्यक्ष तिमल्सिनाले मन्त्री खड्का समक्ष आग्रह गरे । वडा नम्बर ८ मा मात्रै करीब १ हजार मिटर तटबन्ध निर्माण गर्नुपर्ने आवश्यकता रहेको उनले जानकारी गराए । निरीक्षणपछि मन्त्री खड्काले आफू यस विषयमा गम्भिर भएको बताउँदै समस्या समाधानमा पहल गर्ने प्रतिबद्धता जनाए ।

स्थानीयको जनगुनासोलाई मध्यनजर गर्दै प्रदेश सरकारले तटबन्ध निर्माण र खानेपानी समस्या समाधानमा पहल गर्ने मन्त्री खड्काले बताए । अनुगमनमा जलस्रोत तथा सिचाई विकास डिभिजनका कार्यालय मकवानपुरका डिभिजनप्रमुख निर्मल दाहाल, ईन्जियर दिनेश पोखरेल, निजीसचिव विष्णु खतिवडा लगायतको सहभागिता रहेको थियो ।

# मन्त्री खड्काद्वारा मानवसेवा आश्रमको अवलोकन

साझाकुरा संवाददाता



हेटौंडा, २८ साउन/ बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिंचाईमन्त्री श्यामबहादुर खड्काले हेटौंडा-९, स्थित मानवसेवा आश्रमको मुख्य कार्यालय अवलोकन गरेका छन् ।

मन्त्री खड्काले सोमबार आश्रममा रहेका आश्रीतहरुको अवस्थाबारे मानवसेवा आश्रमका प्रमुख रामजी अधिकारीसँग जानकारी लिएका थिए । मन्त्री खड्काले आश्रयविहीन भएर सडकपेटीमा कष्टकर जीवन बिताइरहेकालाई उद्दार गरी आश्रय दिएर सामाजिक कार्यमा अग्रसर रहेकोमा प्रशंसा व्यक्त गरे । मन्त्री खड्काले मानवसेवा आश्रमको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

मन्त्री खड्काले आश्रितका लागि एकछाक खाना बराबरको सहयोग प्रदान गरे । मानवसेवा आश्रममा नेपालका १९ जिल्लाका २३ ओटा शाखामा १ हजार ७ सय २५ जनाले आश्रय लिइरहेका छन् । आश्रमले हालसम्म १० हजार १ सय ७२ जनालाई उद्दार गरेको तथ्यांक छ । ८ सय ४७ जनालाई सामुदायिक पुनर्स्थापना गराएको छ । ४ हजारको पारिवारिक पुनर्मिलन गराएको आश्रमले जनाएको छ ।

## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# उपमहानगरविरुद्ध आन्दोलन

अस्वभाविकरुपले करको दरवृद्धि गरेको विरोधमा मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा उपमहानगरविरुद्ध चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । हेटौंडा उपमहानगरको १५ औं नगरसभाबाट राजश्व दरमा वृद्धि गरेको विषय साउन लागेपछि करतिर्न आउँदा सेवाग्राहीले थाहा पाएको बताइएको छ । नयाँ राजश्व दरबृद्धि रहेको थाहा पाएपछि राजश्व वृद्धिको विषय बाहिर आएको हो । यसअघि मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघलगायतले करवृद्धिको निर्णय फिर्ता लिन माग गरेका थिए । उपमहानगरले चालू आर्थिक वर्ष २०८१/८२ को लागि बहालकरदेखि व्यवसाय करमा २० देखि १५० प्रतिशतसम्म राजश्व वृद्धि गरेको हो । उपमहानगरपालिकाले लिइरहेको करबृद्धि गर्नु नौलो कुरा थिएन । तर, ब्यवसायीलाई राखेर एकदुई पटक छलफल गरेर अगाडि बढ्दा प्रभावकारी हुने थियो । यतिबेला नगरबासी नै आन्दोलनमा उत्रने अवस्था आएको छ ।

करको दर बढाउनका लागि नगर प्रशासनले सम्बद्ध सरोकारवालालाई छलफलमा राख्ने, करको दर हेरफेर गर्दा कस्ता प्रभाव पर्नसक्छ भन्ने विषयमा पनि अध्ययन गर्ने र यो वर्ष घोषणा गरेपछि आगामी आर्थिक वर्षबाट परिवर्तित दर लागू गर्दा नगरवासी कर तिर्न तयार हुनेथिए । तर, करदाताले आन्दोलनमा जाने घोषणा गरेको विषय गंभीर हो । संघको आइतबार साँझ बसेको कार्यसमिति बैठकले सोमबारदेखि पाँच दिने आन्दोलनको कार्यक्रम तय गरेको छ । आन्दोलनका कार्यक्रमअन्तर्गत पहिलो दिन सोमबार बिहान राजनीतिक दलका भातृ संगठन र सहकारी संस्थाका प्रतिनिधिसँग छलफल गरेको छ । सोमबार दिउँसो १२ बजे व्यापारीको भेला आयोजना गरी दिउँसो १ बजे पत्रकार सम्मेलन गरेर आन्दोलनको औचित्य, संघको धारणा र संघर्षका कार्यक्रमबारे जानकारी गराएको छ । मंगलबार करअवज्ञा गर्न व्यवसायी र नगरवासीलाई आव्हान गर्न सुरु गर्ने, विभिन्न संघ, संस्था, प्रदेश सरकार, राजनीतिक दललाई ज्ञापनपत्र बुझाउनुका साथै विभिन्न क्षेत्रका प्रतिनिधिसँग अन्तरक्रियाको कार्यक्रम तय गरिएको छ । तेस्रो दिन बुधबार हेटौंडा बजारको बुद्धचोकसँगै विभिन्न स्थानमा राजश्ववृद्धिको निर्णयविरुद्ध हस्ताक्षर संकलन गर्ने, हेटौंडा उपमहानगरमा १ घण्टा धर्ना दिने, राजश्ववृद्धिको विरोधमा विभिन्न स्थानमा कालो व्यानर राख्ने निर्णय गरेको छ । चौथो दिन बिहीवार हेटौंडा उपमहानगरमा २ घण्टा धर्ना दिने, नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने र संघर्षको कार्यक्रमअन्तर्गत पाँचौं दिन शुक्रबार र्‍यालीसहित व्यापार व्यवसाय बन्द गरी हेटौंडा उपमहानगरपालिकामा चावी बुझाएर पहिलोचरणको आन्दोलन समापन गर्ने बताइएको छ ।

निर्माण व्यवसायी संघ, होटल एसोसियसन, सहकारी संघसंस्था, सरोकारवालासँग एकतावद्ध भएर आन्दोलनका कार्यक्रम अगाडि बढाउने निर्णय गरेको छ । करवृद्धि गरेको विरोधमा हेटौंडा उपमहानगरपालिका कार्यालय अगाडि गेटमा व्यवसायीले चुप आन्दोलन गरेका छन् । हेटौंडाका युवा व्यवसायीले उपमहानगरपालिकाको मूलढोका अगाडि चुप आन्दोलन गरेका हुन् । देशमा चलेको आर्थिक मन्दीमा परिरहेको अर्थतन्त्रमा सुधार नआएको अवस्थामा राजस्वको दरमा वृद्धि गरी व्यवसायीलाई मारमा पार्ने काम भएको भन्दै विरोधमा युवा व्यवसायीले उपमहानगरको ढोकामा चुप आन्दोलन सुरु गरेको हो । उपमहानगरलाई ध्यानाकर्षण गराउँदा समेत २५ गतेको कार्यपालिकाको निर्णयले करको विषयको प्रस्ताव सर्वसम्मतले पारित गरेकोले चुप आन्दोलन गर्न बाध्य भएको उनीहरुले बताएका छन् । १५० प्रतिशतसम्म राजस्व वृद्धि समय सान्दर्भिक नभएको व्यवसायीको गुनासो छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ३० गते बुधबार १४ अगष्ट २०२४ । नवमी, श्रावण शुक्लपक्ष । गुँलाध्व ११४४ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:४१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# शीर्षस्थ नेताहरु झस्कनै पर्छ

अब पनि हाम्रा नेतामा चेतनास्तर नबढ्ने र उही पुरानै पारामा आफ्नालाई काखी च्याप्ने अनि तिनै जनताले नेता बनाएका जनताका विषयमा भने सम्बोधन नगर्ने हो भने कुनै दिन बंगलादेशको जस्तो हालत भोग्नु नपर्ला भन्न सकिन्न । त्यसैले अब नेताहरु झस्कनुपर्छ र आफूहरुलाई सुधार्ने कोशिश गर्न थालिहाल्नु जरुरी छ ।



✍ विनोद पौडेल

नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई हेर्ने हो भने सरकार बन्ने, बनाउने, टुटाउने, मिल्ने, छुट्ने, जुट्ने इत्यादि कार्य भइरहँदा खासै अचम्म मान्नुपर्ने अवस्था पक्कै छैन । यो हाम्रो मुलुकको स्वाभाविक राजनीतिक कार्य हो भन्दा फरक पर्दैन । यति बेला यो मुलुकको बागडोर केपी शर्मा ओलीले सम्हाल पुगेका छन् ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले देखाएको ललीपपमा ओलीले प्रचण्डको सरकारलाई समर्थन फिर्ता दिई आफ्नो नेतृत्वमा सरकार गठन प्रक्रिया अगाडि बढाएर मुलुकको बागडोर हातमा लिएका हुन् । तिनै प्रचण्डलाई निर्वाचनपश्चात् सरकार गठनमा पटक-पटक समर्थन गरेको एमालेले पछिल्लोपटक प्रचण्डले मागेको विश्वासको मतमा एमालेले समर्थन नगर्दा प्रचण्डको सरकार अल्पमतमा परी सरकार ढल्न पुगेको हो । अहिले कांग्रेस, एमालेलगायतको समर्थनमा दुई तिहाइको सरकार गठन भएको छ ।

यसरी सरकार गठन हुँदैमा नेपाली जनता दंग पर्नुपर्ने आधार भने छैन । केवल सरकार प्रमुखको स्वाद लिइसकेका नेतालाई बाहिर बसेर भन्दा सरकारमा बसेर कसरी फाइदा लुट्ने भन्ने व्यक्ति केन्द्रित राजनीति हाबी बन्दै गएको छ । यसर्थ यो सरकारको सत्ता स्वार्थ केन्द्रित राजनीति हो, थियो र भविष्यमा पनि यस्तै प्रक्रिया चलिरहनेछ भन्दा खासै फरक पर्दैन । पछिल्लो सरकारबाट हामीले त्यति ठूलो अपेक्षा नराख्दै बेस होला, जुन आमनागरिको हक-हित संरक्षण विकासका निमित्त पटक्कै छैन ।

यदि थियो भने मुलुक प्राकृतिक विपत्ति बाढी-पहिरोले आक्रान्त बन्दा, तराई डुब्दा, पहाड खस्दा, गुडिरहेको बस त्रिशूलीमा डुब्दा, भएभरको उपाय लगाएर डुबेको बस खोज्दा, उक्त बसमा सवार ५० भन्दा बढी यात्रु बेपत्ता हुँदा, तिनका आफन्तको चित्कारले घटनास्थल भावविभोर बन्दा यो मुलुकका प्रमुख राजनीतिक दलका नेताहरु सरकार गिराएर नयाँ सरकार बनाउनमै व्यस्त थिए । यदि नागरिकको चिन्ता थियो भने भएभरको शक्ति त्यहाँ प्रयोग गर्थे होला । तर विडम्बना, त्यता ध्यान दिँदा यता सरकार प्रमुख बन्ने अवसर गुम्ने सोच भएका नेताबाट विकासको आशा गर्नु र प्राकृतिक विपत्तिमा उद्धार कुरेर बस्नु बेकार छ ।

जब पनि हाम्रा नेतामा चेतनास्तर नबढ्ने र उही पुरानै पारामा आफ्नालाई काखी च्याप्ने अनि तिनै जनताले नेता बनाएका जनताका विषयमा भने सम्बोधन नगर्ने हो भने कुनै दिन बंगलादेशको जस्तो हालत भोग्नु नपर्ला भन्न सकिन्न । त्यसैले अब नेताहरु झस्कनुपर्छ र आफूहरुलाई सुधार्ने कोशिश गर्न थालिहाल्नु जरुरी छ । बंगालादेशको जस्तो हालत व्यहोर्नु नपर्ला भनिरहँदा के भएको थियो त बंगलादेशमा भन्ने बुझ्न जरुरी छ ।

सन् १९७१ मा स्वतन्त्रता युद्धपछि पाकिस्तानबाट बंगलादेश स्वतन्त्र भयो । त्यसको करिब एक वर्षपछि सन् १९७२ मा बंगलादेश सरकारले स्वतन्त्रता सेनानीका सन्तानलाई सरकारी जागिरमा ३० प्रतिशत आरक्षण दिने व्यवस्था गरेको थियो । बंगलादेशमा यही आरक्षणको विरोधमा प्रदर्शन भएको थियो । विरोध प्रदर्शन जुनको अन्त्यबाट शुरु भएको थियो । विरोध प्रदर्शनमा हजारौँ बंगलादेशी विद्यार्थीहरु सडकमा उत्रिने क्रम जारी रहँदा सरकारले बल प्रयोग गर्न थाल्यो र विरोध बिस्तारै हिंसात्मक बन्दै जाँदा उग्ररुप लिन थालेको थियो । ढाका विश्वविद्यालयका विद्यार्थीहरूको प्रहरी र सत्तारुढ अवामी लिगले समर्थन गरेको विद्यार्थी संगठनसँग झडप भयो । झडपमा विद्यार्थीहरुको मृत्यु हुन थाल्यो । हालसम्म सयौं प्रदर्शनकारी विद्यार्थीहरुको मृत्यु भइसकेको छ भने कैयौं घाइते भएका छन् । सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले समेत ज्यान गुमाएका छन् ।

सन् १९७२ देखि लागू भएको आरक्षण व्यवस्थालाई सरकारले सन् २०१८ मा खारेज गरेको थियो । तर जुन महिनामा उच्च अदालतले सरकारी जागिरमा आरक्षण प्रणालीलाई पुनर्स्थापित गरिदियो । अदालतले आरक्षण प्रणाली अन्त्य गर्ने निर्णयलाई पनि गैरकानुनी भनेको थियो । अदालतको आदेशपछि देशभर चर्को विरोध शुरु भएको थियो । अहिलेको आन्दोलनको मुख्यत: विषय नै आरक्षण प्रणाली रहेको थियो । यस प्रणालीअन्तर्गत स्वतन्त्रता सेनानीका परिवारका लागि सरकारी जागिरमा ३० प्रतिशत आरक्षणको व्यवस्था थियो ।

शुरुदेखि विद्यार्थीहरूले स्वतन्त्रता सेनानीका परिवारका लागि आरक्षित जागिरको मात्रै विरोध गरेका थिए । सोको सट्टामा योग्यतामा आधारित प्रणाली लागू गर्नुपर्ने उनीहरूको मुख्य माग थियो । प्रदर्शनकारीहरूले यो भेदभावपूर्ण भएको र प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीका समर्थकहरूलाई समर्थन गर्ने प्रणालीको अन्त्य गर्न माग गरिरहेका थिए । सर्वोच्च अदालतको फैसलापछि आन्दोलन अन्त्य हुने आँकलन गरिएको थियो । तर आँकलन गरिएजस्तो हुन सकेन र आन्दोलन झनै हिंसात्मक बन्दै गयो । विद्यार्थी संगठनहरूले सर्वोच्च अदालतको फैसलाले आन्दोलनको अन्त्य नभएको भन्दै प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्न थाले । राजीनामा अघि प्रधानमन्त्री शेख हसिनाले आगजनीमा संलग्नहरू विद्यार्थी नभई ती विद्यार्थी आतंकवादी भएको बताएकी थिइन् । किनकि तिनै विद्यार्थीका कारण राजीनामा दिन बाध्य भएको हुँदा पदबाट निस्किँदा आक्रोशसमेत पोखिन् ।

बंगलादेश स्वतन्त्र भएयता झन्डै १६ वर्ष हाराहारी एकछत्ररुपमा प्रधानमन्त्री पदमा बस्ने नेता शेख हसिना पछिल्लो समय आरक्षणको मुद्दालाई लिएर विद्यार्थीले गरेको आन्दोलनका कारण गएको सोमबार प्रधानमन्त्री पदबाट राजीनामा दिन बाध्य बनिन् । उनले राम्रोसँग राजीनामा बुझाउनसमेत पाइनन् । हजारौंको संख्यामा भेला भएका आन्दोलनकारीले ढाकास्थित प्रधानमन्त्रीको सरकारी निवास गणभवन घेरेपछि उनले अवामी लिग पार्टीकी नेता एवं आफ्नी बहिनी शेख रेहना सिद्धिकीसँगै देश छाडिन् । उनी सेनाको हेलिकोप्टर चढेर भारतको नयाँ दिल्ली पुगेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका थिए ।

यस घटनाबाट पनि हामीले के बुझ्न जरुरी छ भने, कुनै दिन तिनै जनताले सरकारमा पुर्‍याएर झन्डै साढे एक दशकभन्दा लोमा समय निरन्तर प्रधानमन्त्रीको बागडोर सम्हालेकी तत्कालीन बंगलादेशको शक्तिशाली प्रधानमन्त्री शेख हसिनाले तिनै जनताका कारण आफ्नो मुलुक नै छाड्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो । यस्तो अवस्था नेपालको बागडोर सम्हालेकाले सोचेका छन् कि छैनन् ? एउटा सानो विषयले गर्दा बंगलादेशको सरकारको हालत कस्तो बन्यो ? यस घटनाक्रमले सरकार यति बेला सेनाको हातमा पुग्यो । यो अवस्था नेपालका शीर्षस्थ नेताहरुले बुझ्न जरुरी छ । कुनै दिन यस्तो भोगाइ नेपाली नेताले भोग्न नपर्ला भन्न सकिन्न । नेपाली युवाको तागत बंगलादेशका युवाको भन्दा कडा छ भन्दा अतिशयुक्ति नहोला ।

बंगलादेशमा कोटा प्रणालीविरुद्धको आन्दोलन ढाका विश्वविद्यालयका केही विद्यार्थीको नेतृत्वबाट शुरु भएको थियो । ती विद्यार्थीहरुले आरक्षणविरुद्ध प्लेकार्ड र झन्डा बोकेर आन्दोलनको शुरुवात गरेका थिए । विश्वविद्यालयमा शान्तिपूर्ण आन्दोलनलाई बिथोल्न सत्तारुढ अवामी पार्टीको विद्यार्थी संगठनका कार्यकर्ताहरु परिचालित हुँदा शान्तिपूर्ण प्रदर्शनमा रहेका बेला विद्यार्थीलाई विभिन्न वस्तुहरुले प्रहार हुँदा प्रदर्शन बिस्तारै हिंसात्मकरुपमा अघि बढेको विश्लेषकहरुले बताएका थिए । १६ जुलाईमा बंगलादेशी प्रहरीले यो मामलामा पहिलोपटक अश्रुग्यास प्रहार र लाठी चार्ज गरेको थियो । विद्यार्थी अबु सयद नेतृत्वको आन्दोलनमा बेगम रोकेया विश्वविद्यालय, रंगपुरमा प्रहरीले विद्यार्थीमाथि दमन गर्‍यो ।

त्यस बेला आन्दोलनको नेतृत्वकर्ता सयद सडकमा छाती थापेर बसेको फोटोसमेत सार्वजनिक भएको थियो, जुन तस्वीर अहिलेसम्म भाइरल बनेको छ तर उनी गोली लागेर बाँच्न भने सकेनन् । 'यसपछि विद्यार्थी थप रुष्ट भए र आन्दोलन झन् बढ्दै जाँदा नेतृत्वकर्ताको संख्या क्रमश: बढ्दै गयो । अति त झन् देशभर कोटा प्रणालीविरुद्ध आन्दोलन हुन थालेको थियो । सो आन्दोलन रोक्न नसकिनेजस्तो लागेर होला शायद, सरकारले दमन, कर्फ्यु र इन्टरनेट बन्द गर्ने निर्णय गर्‍यो । ताकि यो प्रयासले आन्दोलन मत्थर हुन्छ कि भन्ने अनुमान लगाएको थियो ।

बंगलादेश स्वतन्त्रता भएको अहिले ५३ वर्ष पुगिसकेको छ । अहिलेसम्म पनि आन्दोलनमा सहभागी भएकाहरूका सन्तानले सरकारी सेवामा ठूलो संख्यामा कोटा पाइरहनु न्यायोचित नभएको भन्दै कोटा प्रणाली सुधार्नुपर्छ भन्ने माग विद्यार्थीहरुको थियो । विद्यार्थीहरुले योग्यताका आधारमा सरकारी सेवामा भर्तीलाई जोड दिनुपर्ने माग गरेका थिए । आरक्षण प्रणालीले निरन्तरता पाउँदा हसिना नेतृत्वको सत्तारुढ आम अवामी पार्टीलाई फाइदा पुग्ने राजनीतिक विश्लेषकहरुले बताउँदै आएका थिए । किनकि हसिनाका बुबा शेख मुजिबुर रहमानले बंगलादेशलाई स्वतन्त्र बनाउन नेतृत्वदायी भूमिका खेलेका थिए ।

फस्वरुप बंगलादेश स्वतन्त्र भएपछि उनी पहिलो राष्ट्रपतिसमेत बनेका थिए । त्यसैले स्वतन्त्रता आन्दोलनमा सहभागी परिवारका सन्तानलाई कोटा दिने निर्णयबाट उनको पार्टीलाई फाइदा पुग्ने विश्लेषण गरिएको जानकारहरु बताउँछन् । शायद त्यसै कारण सामान्य विषयलाई सामान्यरुपमा समाधान गरेको भए विषय सामान्य नै हुन्थ्यो । तर घटनालाई राजनीतिसँग जोडेर पदको लोभ र स्वार्थका निमित्त लाग्दा प्रधानमन्त्री हसिनाले शक्तिशाली पदबाट राजीनामा दिन बाध्य बनिन् । त्यतिमा मात्र सीमित रहिनन्, उनले मुलुक नै छोड्नुपर्‍यो, उनीमा संकट आइपर्‍यो ।

यो घटनाले नेपाली नेतामा चेत आउन जरुरी छ । अझ नेपालको सरकार गठन विभिन्न दलको समर्थनमा बन्ने गरेको हुन्छ । पालैपालो शीर्ष दलका नेताहरु प्रधानमन्त्री बन्ने जोड-घटाउ गर्दै, सरकार गठन गर्दै, ढलपल-ढलपल गर्दै सरकार अगाडि बढाइरहेका हुन्छन् । हरेक दलका नेताहरु केही न केही काण्डमा र स्वार्थमा मुछिएर विवादित बनेका छन् । भ्रष्टाचार र अनियमितता मुलुकमा व्याप्त छ ।

सामान्य मानिसलाई दैनिकी गुजार्न निकै गाह्रो अवस्था भएको छ । तर नेताका दैनिकी हेर्ने हो भने ऐस-आराममा बितिरहेको छ । मुलुकमा भएका कलकारखाना, उद्योगधन्दाले गति लिन सकेको छैन, गरिबीले मुलुक शिथिल बनेको छ । निर्यात केही छैन, दैनिक उपभोग्य वस्तु आयातीत मात्र छ, कृषिप्रधान भनिए पनि कृषिमा सरकारको ध्यान पुग्दै पुग्दैन । रोजगारीका निमित्त युवा जनशक्ति विदेश पालायन हुन बाध्य छन् । तर सरकार बेखबरजस्तै बनेको छ । यदि यिनै विषयलाई लिएर बंगलादेशका युवा विद्यार्थीझैं नेपाली युवा जनशक्तिले आन्दोलन गर्ने हो भने शेख हसिनाजस्तो शक्तिशाली प्रधानमन्त्री त पदमुक्त बन्नुपर्‍यो भने यो मुलुकका नेताको अवस्था कस्तो रहला ? सोचनीय छ । त्यसैले बंगलादेशलाई हेरेर अब यहाँका नेता पनि सुध्रिने पो हो कि !

*(साभार: न्यूज अफ नेपाल)*

# युवाको दायित्व र जिम्मेवारी

✍ कृष्णहरि केसी

अगस्ट १२ अर्थात् अन्तर्राष्ट्रिय युवा दिवस । प्रत्येक वर्ष १२ अगस्टमा मनाइने अन्तर्राष्ट्रिय युवा दिवसले युवा पुस्ताको भूमिका, चुनौतीहरू र भविष्यको सम्भावनालाई उजागर गर्न महत्वपूर्ण अवसर प्रदान गरिरहेको छ ।

युनेस्कोका अनुसार, विश्वभर ६० लाखभन्दा बढी युवा शिक्षा प्रणालीबाट बाहिर छन् । यसका विभिन्न कारण छन् । तल्लो आय भएका देशहरू (खासगरी अफ्रिकी राष्ट्रहरू)मा युवाको बेरोजगारी दर उच्च छ । कोरोना महामारीको प्रभावले युवाहरूको मानसिक स्वास्थ्यमा ठुलो असर पारेको छ । कतिपय देशका युवामा डिप्रेसन, चिन्ता र अन्य मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढिरहेका छन् ।

आविष्कार गर्न, राजनीतिक परिवर्तन गर्न वा समृद्धि ल्याउन युवाहरूकै भूमिका विशेष हुन्छ । त्यस कारण युवाका बारेमा विभिन्न कोणबाट बहस हुन आवश्यक छ ।

### नेपालमा युवाको अवस्था

हाम्रो देशमा विभिन्न समयमा राजनीतिक परिवर्तन गर्न युवाहरू आन्दोलन वा विद्रोहमा संलग्न हुँदै आए । निरंकुश जहानियाँ राणाशासन फालेर प्रजातन्त्र ल्याउन होस्, पञ्चायती व्यवस्था ढालेर बहुदलीय व्यवस्था ल्याउन होस् युवाकै अर्थात् युवा आन्दोलनकै भूमिका महत्त्वपूर्ण रह्यो । पछिल्लो समय निरंकुश राजतन्त्र फालेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न पनि विभिन्न तहमा युवाहरूको बलिदानी रहेको छ ।

यतिखेर हामीकहाँ १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्छ । पछिल्लो जनगणना अनुसार यो उमेर समूहको जनसंख्या ४२.५६ प्रतिशत (१,२४,१२,१२३) रहेको छ । यस्तै, कुल जनसंख्यामध्ये १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या ६१.९६ प्रतिशत छ । जनसंख्याको यो स्थिति अर्थात् काम गर्न सक्ने जनशक्ति यति ठूलो संख्यामा रहनुलाई जनसांख्यिक लाभांश मानिन्छ । समृद्धि श्रमबाट मात्रै सम्भव छ र श्रम गर्न सक्ने सबैभन्दा बढी क्षमता युवामै हुन्छ ।

नेपाली युवाहरूको शिक्षा, सीप र रोजगारीको वर्तमान अवस्था सन्तोषजनक छैन । जसले देशको सामाजिक र आर्थिक विकासमा प्रत्यक्ष असर पारेको छ ।

आधारभूत शिक्षा (कक्षा १-८) मा भर्ना दर ९० प्रतिशतभन्दा माथि छ तर एसईई उत्तीर्ण दर अत्यन्त कमजोर छ । यसमाथि शिक्षा र सीपको तालमेल छैन । विश्व बजारमा टिक्न सक्ने र बिक्न सक्ने शिक्षाको अभावले हाम्रा कलेजहरू बिस्तारै विद्यार्थीविहीन बन्दै गइरहेका छन् । अर्थात् अध्ययनसँगै अवसरको खोजीमा युवाको ठुलो पंक्ति बिदेसिने क्रम चलिरहेकै छ ।

युवाहरूको ठुलो हिस्सा वैदेशिक रोजगारीमा निर्भर छ, जसले गर्दा देशमा उत्पादनशीलता घटेको छ । औद्योगिक क्षेत्रको विकास ठप्प प्राय: छ । नेपाली समाजमा विद्यमान रुढिग्रस्त मूल्य-मान्यताबाट कतिपय युवा समेत ग्रसित छन् । कामलाई जात र लिङ्गका आधारमा छुट्ट्याउने पुरानो सोच केही हदसम्म समाजमा अझै पनि हाबी छ । लैङ्गिक असमानता र जातीय विभाजनले युवा पुस्तालाई समेत विभाजन गरेको अवस्था छ ।

नेपाली राजनीतिमा युवाहरूको राजनीतिक सहभागिता व्यापक छ । यद्यपि हरेक विद्रोहमा निर्णायक भूमिकामा रहेका युवाहरू नीति-निर्माण तहमा हस्तक्षेप गर्न चुकिरहेका छन् । युवाको अधिकारका लागि पनि हामीकहाँ अलि फराकिलो रूपमा बहस आवश्यक छ ।

हामीकहाँ १६ वर्षमा नागरिकता पाइन्छ तर १८ वर्ष पुगेपछि मात्रै मतदान गर्न पाइन्छ । स्थानीय तहमा २१ वर्ष, प्रदेश र प्रतिनिधि सभामा २५ वर्ष र राष्ट्रिय सभामा ३५ वर्ष उमेर तोकिएको छ । यस्तै ४५ वर्ष पुगेपछि मात्रै राष्ट्रपतिको उम्मेदवार हुन सकिन्छ । यस्ता प्रावधानले धेरै क्षमतावान् युवालाई बार-बन्देज भइरहेको छ । विज्ञता र परिपक्वता युवा उमेरमा हासिल गर्नै नसकिने होइन । मताधिकार भएको उमेरमा उम्मेदवार हुन पनि पाउनुपर्छ । यसो भयो भने युवाहरू कार्यकर्ता मात्रै होइनन्, नीति-निर्माता बन्न सक्छन् भन्ने मान्यता विकास हुन्छ ।

### युवाको दायित्व

युवाहरू संविधान, लोकतन्त्र र मानव अधिकारका विषयमा शिक्षित र सचेत हुनैपर्छ । युवाहरू जिम्मेवार नागरिक नबनी लोकतान्त्रिक व्यवस्था संस्थागत र बलियो हुँदैन । विभिन्न दल तथा क्षेत्रमा रहेका चेतनशील युवाले सामाजिक न्यायका लागि आवाज उठाउने मात्रै होइन, संघर्ष गर्नुपर्नेछ । श्रमको अधिकार, महिला अधिकार, बाल अधिकार, उत्पीडित र अल्पसंख्यक समुदायका अधिकार आदिको संरक्षणका लागि युवाहरू सचेत र आन्दोलित हुन आवश्यक छ । संविधान, कानुन, नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि र आवश्यक नीति निर्माणका लागि राज्यलाई युवाहरूले झकझकाइरहनुपर्छ ।

युवाहरू प्राय: पारदर्शिता र उत्तर दायित्वका पक्षधर हुन्छन् । युवाको संलग्नता र युवाको आवाजले राजनीतिक र नीतिगत प्रक्रियामा पारदर्शिता बढाउन मद्दत पुर्‍याउँछ । युवाहरूले भ्रष्टाचार, अनियमितता, कुशासनका विरुद्धमा र सुशासनको पक्षमा सशक्त भूमिका खेलिरहेका छन् । जसले गर्दा राजनीतिक प्रणालीमा उत्तरदायित्वको भावना बढ्छ । नागरिक समाजमा विश्वसनीय वातावरण सिर्जना हुन्छ ।

नागरिक समाजले युवाहरूको राजनीतिक सहभागितालाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । राजनीतिक विश्लेषकले अनुमान गर्नै नसक्ने राजनीति होइन, सिंगो समाजले अनुमान गर्न सक्ने र समुदायले पत्याउने सुसंस्कारयुक्त राजनीति आजको आवश्यकता हो । राजनीति र नीति निर्माण तहमा युवाहरूको संलग्नता वृद्धि गर्नु सजिलो काम होइन । यसका लागि सरकार, राजनीतिक दल र नागरिक समाजले सहयोग गर्न आवश्यक छ ।

युवाहरूलाई प्रभावकारी रूपमा राजनीतिमा संलग्न गराउन सकियो भने देशको विकास, समृद्धि, लोकतन्त्र र सामाजिक न्यायमा महत्त्वपूर्ण भूमिका खेल्नेछन् ।

### जिम्मेवारी

नेपाली राजनीति लामो समयदेखि एक किसिमले अस्थिर रहँदै आएको छ । एकातिर लगातार सरकार परिवर्तन भइरहन्छ, अर्कोतिर दलहरूबिचमा विभिन्न किचलो उब्जिरहन्छह भ्रष्टाचार उस्तै छ । इत्यादि कारण युवाहरूमा राजनीतिक प्रणालीप्रति निराशा बढेको छ । धेरैजसो युवाहरू राजनीतिक स्थायित्व हुने वा देशमा समृद्धि आउनेमा विश्वस्त छैनन् । त्यसैले युवामा आशा जगाउन राज्यले र युवा स्वयंले पहलकदमी गर्नुपर्नेछ । नेपाली युवाहरूले सूचना प्रविधि (आईटी), विभिन्न एप र सफ्टवेयर लगायत क्षेत्रमा रुचि देखाएको र काम गरेको पनि देखिन्छ ।

हामीकहाँ राज्यले युवाका लागि गर्नुपर्ने जिम्मेवारी र युवाले राज्यका लागि गर्नुपर्ने जिम्मेवारी धेरै छन् । युवाले विज्ञान र प्रविधिको क्षेत्रमा काम गर्ने हो भने देश छिटै समृद्धिको यात्रामा अगाडि बढ्न सक्छ । यसका लागि राज्यले युवालाई विज्ञान र प्रविधिका विषय पढाउन प्राथमिकता दिनुपर्छ । हामीलाई कृषि लगायत विभिन्न क्षेत्रमा प्रगति गर्न विज्ञान र प्रविधि आवश्यक छ । विज्ञान र प्रविधिलाई हाम्रो कृषि लगायत उत्पादनसँग जोड्नका लागि धेरै नै गर्न बाँकी छ ।

राष्ट्रिय उत्पादन बढाउनेदेखि वातावरण जोगाउने सम्मका काममा युवाको विशेष भूमिका रहन्छ । त्यसैले राज्यले राष्ट्रिय आवश्यकता हेरी युवा जनशक्ति उत्पादन गर्नुपर्छ । अर्कोतिर राजनीतिमा लागेका युवाले आफ्ना संगठनलाई सशक्त बनाउन जरुरी छ । संगठनात्मक संरचनालाई सुदृढ गर्न, स्पष्ट लक्ष्यहरू निर्धारण गर्न र दीर्घकालीन रणनीतिहरू तयार पार्न युवाले विशेष ध्यान दिनुपर्छ । यस्तो अभ्यासले नयाँ पुस्ताबाट नेता जन्मने सम्भावना बढ्छ ।

*(साभार: रातोपाटी)*

# क्रसर चल्न दिन प्रधानमन्त्रीसँग माग, मापदण्ड फेर्न आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष क्रसर उद्योग नवीकरण गराउन व्यवसायीले माग गरेका छन् । सोमबार नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघले प्रधानमन्त्री ओलीलाई भेटेर क्रसर उद्योगको नवीकरण गर्ने व्यवस्था गर्न माग गरेको हो ।



प्रधानमन्त्री निवास बालुवाटारमा महासंघका अध्यक्ष तथा मकवानपुरका क्रसर उद्योगी सीताराम न्यौपानेसहितका प्रतिनिधि मण्डलले भेट गर्दै दर्ता भएको ७०० क्रसर तथा बालुवा उद्योगलाई विगतकै मापदण्डका आधारमा नवीकरण गराउन माग गरेका हुन् । वातावरण सम्बन्धी मापदण्ड, २०५४ र उद्योगका लागि दूरीसम्बन्धी मापदण्ड, २०७१ का आधारमा ती उद्योग सञ्चालन भएकोमा २०७७ सालमा संशोधित मापदण्डले नवीकरणमा कठिनाइ भएको महासंघको भनाइ छ ।

महासंघले उद्योगको नवीकरण नहुँदा करिब चौध अर्ब रुपैयाँ लगानी डुब्ने अवस्थामा रहेकाले विगतमा दर्ता भएका उद्योगलाई कर दस्तुर लिएर पुरानै मापदण्डका आधारमा नवीकरण गराउन र व्यवहारिक एवम् नयाँ मापदण्ड ल्याउन माग गरेको अध्यक्ष न्यौपानेले बताए । उनीहरुले प्रधानमन्त्रीसँग अहिलेकै अवस्था र स्थानमा क्रसर उद्योग चलाइरहन दिने गरी मन्त्रिपरिषदबाट निर्णय गरेर उद्योग अनुकूलको मापदण्ड जारी गर्न माग गरेका छन् ।

हालको मापदण्डमा नदीजन्य निर्माण सामग्री संकलन गर्नुअघि वातावरणीय अध्ययन गर्नुपर्ने उल्लेख छ । त्यसबाहेक जिल्ला विपद् व्यवस्थापन समितिले ढुंगा, बालुवा थुप्रिएर जोखिमपूर्ण बनेको भनेर पहिचान गरेका स्थानमा मात्रै उत्खनन् गर्न सकिन्छ । निजी क्षेत्रले साधारण निर्माण सामग्री निकाल्न अनुमति पाएको क्षेत्र र खानी तथा क्रसर उद्योग सञ्चालन र ओसारपसारका लागि तोकिएको क्षेत्रमा पनि उत्खनन गर्न पाइने मापदण्डमा उल्लेख छ ।

विद्यमान मापण्डअनुसार खोला वा नदीकिनार, पक्की पुल र राजमार्गको 'राइट अफ वे' र ऐतिहासिक ताल, तलैया, र जलासयबाट ५०० मिटर दूरीमा मात्र क्रसर उद्योग चलाउन पाइन्छ । त्यसैगरी घनावस्ती, वन, निकुञ्ज र आरक्ष, अन्तर्राष्ट्रिय सीमा, शिक्षण संस्था, धार्मिक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थान र सुरक्षा निकायका कार्यालयबाट २ किलामिटरको दूरीभित्र क्रसर उद्योग चलाउन नपाइने नियम छ ।

प्रसारण लाइनबाट २ सय मिटर टाढा मात्रै क्रसर चलाउन पाइन्छ । मापदण्ड अनुसार चुरे पहाडको फेदीबाट १ हजार ५ सयमिटरभित्र पनि क्रसर उद्योग चलाउन पाइँदैन । तोकिएको दूरीको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका क्रसरलाई सम्बन्धित स्थानीय तहले एक वर्षभित्र वातावरणीय अध्ययन गराएर सही स्थानमा सार्न लगाउनुपर्ने व्यवस्था छ । त्यसो नभए क्रसर उद्योगको अनुमति खारेज हुने व्यवस्था छ ।

# गोरक्षश्वर धाममा गङ्गाआरती सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ साउनको अन्तिम सोमबार, हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१० मा रहेको गोरक्षश्वर धाममा गंङ्गाआरती सुरु भएको छ । आगामी दिनमा हरेक सोमबार अपरान्ह ५ बजे गोरक्षश्वर धाममा गङ्गाआरती गरिने गोरक्षश्वर क्षेत्र विकास समितिका अध्यक्ष उत्तम शर्मा ढकालले जानकारी दिए ।

गङ्गाआरती नियमित संचालन गर्नका लागि आवश्यक संरचना निर्माण गर्ने तथा अन्य बिबिधखर्च ब्यवस्थापनका लागि हेटौंडा उपमहानगरसमक्ष आर्थिक सहयोगको सम्भौता गर्ने तयारी भइरहेको समितिका उपाध्यक्ष ह्यग्रीव आचार्यले जानकारी दिएका छन् । बिगतमा पनि राप्तीतटस्थित गोरक्षश्वर धाममा गङ्गाआरती सुरुवात गरिएको भएपनि त्यसलाई निरन्तरता दिन नसकेको बताइएको छ । आरतीका लागि आवश्यक पूजा सामग्री, नैवेद्य आदि ब्यवस्थापन गर्न नसकेका कारण निरन्तरता दिन नसकेको हो ।

गोरक्षश्वर क्षेत्र विकास समितिको समन्वयमा आगामी दिनमा हरेक सोमबार अपरान्ह ५ बजेदेखि साढे पाचसम्म आधाघण्टा गङ्गाआरती हुने बताइएको छ । गङ्गाआरतीमा समितिका बरिष्ठ उपाध्यक्ष बिजेन्द्र अग्रवाल, महासचिव प्रकाश ढकाल, पण्डित बासुदेव बत्स, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्य लगायतको उपस्थिति रहेको थियो । यस्तै, साउनको अन्तिम सोमबार मकवानपुरका बिभिन्न शिवालयमा श्रद्धालु भक्तजनको भिड लागेको थियो । साउनको हरेक सोमबार व्रत बसेर शिवको पूजा गर्दै आएका भक्तजन शिवालय पुगेका थिए ।

साउनको सोमबारलाई भगवान शिवको प्रियबार मानिने भएकाले यसदिन श्रद्धालु भक्तजन व्रत बस्ने, पूजापाठ, दान गर्दछन् । यसो गर्दा सुख, शान्ति, समृद्धि र परिवारको कल्याण हुने धार्मिक विश्वास रहेको धर्मशास्त्रका जानकार बताउँछन् ।

# बागमती विश्वविद्यालयको उपाध्यक्षका लागि दरखास्त खुलाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २८ साउन/ बागमती विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को सचिवालयले बागमती प्रदेश विश्वविद्यालयको उपाध्यक्ष पदका लागि दरखास्त खुलाएको छ ।

सोमबार बोर्ड अफ ट्रस्टीको सचिवालयले सार्वजनिक सूचना जारी गर्दै उपाध्यक्ष पदका लागि दर्खास्त आह्वान गरेको हो । संरक्षक समितिले विश्वविद्यालय हेटौंडाको उपाध्यक्ष नियुक्तिका लागि १५ दिनभित्र आवेदन पेस गर्ने सूचना जारी गरेको हो । प्रदेश उच्चशिक्षा ऐन, २०७८ तथा नियमावली, २०७९ प्रदेश विश्व विद्यालयको विधान २०८१ र बागमती प्रदेश विश्वविद्यालयको उपाध्यक्ष सिफारिससम्बन्धी कार्यविधि, २०८१ बमोजिमका कागजातसहित निवेदन पेस गर्न सूचना जारी गरिएको हो ।

बोर्ड अफ ट्रस्टीको उपाध्यक्ष विश्वविद्यालयको प्रशासनिक प्रमुख हुने व्यवस्थाअनुसार नियुक्तिका लागि सूचना माग गरिएको सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेले जानकारी दिए । उपाध्यक्षको नियुक्तिका लागि योग्यता पुगेका उम्मेदवारले आगामी भदौ ११ गतेभित्र संरक्षक समितिको सचिवालय हेटौंडा वा उपस्थित हुन नसकेमा इमेलमार्फत् आवश्यक कागजातसहित निवेदन पेस गर्न भनिएको छ ।

उनका अनुसार बोर्ड अफ ट्रस्टीमा यसअघि ६ सदस्य नियुक्त भइसकेको र त्यसमध्येमा मन्त्रालयको सचिव नै बोर्ड अफ ट्रस्टीको सदस्यसचिव हुने कानुनी व्यवस्था रहेको छ । बोर्ड अफ ट्रस्टीका ५ सदस्यमध्ये एकजना अध्यक्ष नियुक्त हुने व्यवस्था अनुसार डा.चन्द्रमणि पौडेल अध्यक्ष रहेको उनले बताए । समितिको उपाध्यक्ष सिफारिस समिति गठन गरी सूचना आह्वान गरेको हो ।

सूचनाअनुसार उम्मेदवारले पेस गर्नुपर्ने कार्ययोजना सहितको निवेदन पेस गर्नुपर्नेछ । ५६ वर्ष ननाघेका उम्मेदवारले वैयक्तिक विवरण, विश्वविद्यालयको अवधारणा सहितको व्यावसायिक कार्ययोजना, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण गरेको वा सो भन्दा माथिको शैक्षिक योग्यता भएमा सो बमोजिमका प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने भनिएको छ ।

## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकाका दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ । अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ ।

**निम्न**:

१. मिति २०८१ आश्विन मसान्तभित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगर पालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा शत प्रतिशत छुट दिने व्यवस्था,
३. आ.व. २०७८/०७९ भन्दा अगाडी यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८/२०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडी अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनको लागि आर्थिक ऐन २०८१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नुहुन जानकारी गराईन्छ । समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनरोध छ ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

## कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/२४ मा प्रा.लि. नं. २०५९१२ मा दर्ता लुम्बिनी अल स्टार्स पा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. को मिति २०८१/०४/२६ मा कम्पनीको एकल संस्थापकको विशेष साधारण सभा लगायत संचालक समितिबाट स्वीकृति प्राप्त भई साविकको नाम दर्ता लुम्बिनी अल स्टार्स प्रा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. परिवर्तन भई ड्रिम स्पोर्ट्स प्रा.लि. अंग्रेजीमा **Drean Sports Pvt.Ltd.** हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

# ३ वर्षमा विदेशबाट फर्काइए ४ हजार नेपाली

काठमाडौं/पछिल्लो तीन वर्षमा चार हजार नेपाली विदेशबाट फर्काइएका छन् । वैदेशिक रोजगार, अध्ययन लगायत विभिन्न कामका लागि विदेश पुगेका नेपालीमध्ये सन् २०२१ देखि २०२४ अगस्ट ६ सम्म तीन हजार ९३७ जना स्वदेश फर्काइएका अध्यागमन विभागले जनाएको छ ।

विभागका निर्देशक प्रेमप्रसाद दाहालका अनुसार विदेश पुगेका नेपालीहरु सम्बन्धित देशको अध्यागमनबाट प्रवेश अस्वीकार भएर र गैरकानुनी क्रियाकलापका कारण नेपाल फर्काइउका छन् । हरेक वर्ष विदेशबाट फर्काइने नेपालीहरुको संख्या बढ्दो छ । विभागका अनुसार सन् २०२१ मा ८७९ नेपालीहरु फर्काइएका थिए । सन् २०२२ मा यो सख्या बढेर १ हजार १६६ पुग्यो ।

सन् २०२३ मा भने १ हजार ४४२ नेपालीहरु फिर्ता फर्काइए । २०२४ को सात महिनामा ४८९ जना नेपालीहरु फर्काइएका छन् । यो डिपोर्ट गरिने र अध्यागमनबाट फर्काइने दुवैको तथ्याङ्क हो ।

**कुन देशमा कति ?**

पछिल्लो तीन वर्षमा नेपालको प्रमुख श्रम गन्तव्य युएईबाट ७९९, साउदी अरेबियाबाट ५०३, मलेसियाबाट ३८९, कतारबाट १८० जना स्वदेश फर्काइएका छन् । 'जुन देशमा नेपालीहरु धेरै गएका छन्, त्यही देशहरुबाटै फर्काइनेको संख्या धेरै छ', निर्देशक दाहाल भन्छन् ।

पछिल्लो तीन वर्षमा टर्कीबाट २५७, जापानबाट १८०, दक्षिण कोरियाबाट १४९, युक्रेनबाट १२४, रसियाबाट १०७, रोमनियाबाट ९४, अमेरिकाबाट ९३, क्रोएसियाबाट ७८ र साइप्रसबाट ८९ जना नेपाली फर्काइएका छन् ।

**किन फर्काइन्छन् ?**

अध्यागमन विभागका अधिकारीहरुका अनुसार विभिन्न देश पुगेकाहरु स्वदेश फर्काइनुको कारण एउटा मात्र हुँदैन । नेपालबाट अध्ययन तथा रोजगारीका लागि विदेश पुगेका कतिपय नेपालीहरु नक्कली भिसा, कागजात नपुगेमा वा शंकास्पद लागेमा पनि अध्यागमनबाटै स्वदेश फर्काइन्छन् । त्यसलाई प्रवेश अस्वीकार भनिन्छ ।

अध्यागमन अधिकारीहरु भन्छन्, 'नेपालको अध्यागमनबाट गएमात्र नेपालीहरु विदेश छिर्न पाउँछन् भन्ने हुँदैन । शंकास्पद भएका उनीहरु सिधै नेपाल फर्काइन्छन् ।' त्यस्तै डिपोर्ट गरेर पनि नेपालीहरुको संख्या पनि ठूलो छ । विभिन्न मुलुकमा पुगेर गैरकानुनी काम गरेकाहरु सिधै डिपोर्ट गरेर नेपाल फर्काइन्छन् ।

निर्देशक दाहालका अनुसार अपराधिक क्रियाकलापमा संलग्न, देशको नियम कानुन उल्लंघन, भिसा सकिएर (ओभर स्टे) बसेका, गैरकानुनी रुपमा प्रवेश गरेकाहरु पनि डिपोर्ट गरिन्छन् ।

(स्रोत: अनलाइनखबर)


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com






**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



**हाम्रो सुमो सेवाको**



नयाँ प्रस्तुति...

**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा | हेटौंडा-वीरगञ्ज-हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी

**हाम्रो सुमो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

# HETAUDA SCHOOL OF MANAGEMENT

"कडा अनुशासन, स्तरीय शिक्षा"

## We are thrilled to celebrate the outstanding achievements of our students who have excelled in their Class 12 exams!

A+ 120 | A 438 | B+ 388 | B 173 | C+ 12

## FACULTY OF SCIENCE



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| PRATIK DHUNGANA GPA 3.86 | BIPIN POKHREL GPA 3.86 | BISHLESHAN PAUDEL GPA 3.86 | KABIN RAI GPA 3.86 | SHREYAM REGMI GPA 3.86 | ROMISH KOIRALA GPA 3.85 | SAKSHYAM ACHARYA GPA 3.84 | SHRAWAN K. GUPTA GPA 3.82 | YUJEN SHRESTHA GPA 3.82 | BIRAJ PUDASAINI GPA 3.81 | KRISTINA SHRESTHA GPA 3.81 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| PRANISH SHRESTHA GPA 3.81 | RIYA CHAKRADHAR GPA 3.80 | RONISH DHAKAL GPA 3.78 | SHAHID ANSARI GPA 3.78 | JUBIN GUPTA GPA 3.77 | REET DAS GPA 3.77 | PURNIMA SANJEL GPA 3.76 | SARTHAK STHAPIT GPA 3.76 | KAJOL KUMARI DAS GPA 3.75 | KAPIL DEV MAINALI GPA 3.75 | PRALHAD KALAKHETI GPA 3.75 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| PRINCE NAGARKOTI GPA 3.75 | RISHI YADAV GPA 3.75 | SWARNIM BHUSAL GPA 3.75 | EKTA KUMARI GPA 3.74 | RHYTHM PAUDEL GPA 3.74 | SANDESH POKHAREL GPA 3.74 | SAZIEDA K.C. GPA 3.73 | PRIJESH PRADHAN GPA 3.72 | RAMANANDA RAM C. GPA 3.72 | BISHRUT KAFLE GPA 3.70 | KSHITIZ P. GAURO GPA 3.69 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| AVISHEK ARYAL GPA 3.67 | KRISHNA NANDAN RAY GPA 3.67 | SARIK RIJWALI GPA 3.66 | AASHWINI LATAULA GPA 3.64 | BARSHISH ARYAL GPA 3.64 | DIPSIKHA D. UPADHYAY GPA 3.64 | KAILASH DHAKAL GPA 3.64 | PRATEEK KARNA GPA 3.64 | SISHON SIWAKOTI GPA 3.64 | KOSHISH SHRESTHA GPA 3.63 | RASIK UPRETI GPA 3.63 |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| SADNAM PATEL GPA 3.63 | BIBEK PAUDEL GPA 3.62 | FATMA BEGAM GPA 3.61 | NISCHAL SHRESTHA GPA 3.61 | RITU ARYAL GPA 3.61 | DEEPIKA NEUPANE GPA 3.60 | PURNIKA K. SHRESTHA GPA 3.60 |

## FACULTY OF MANAGEMENT



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| RAJNISH KUMAR SAH GPA 3.88 | SAKSHI KUMARI LAL GPA 3.88 | NALINA DHITAL GPA 3.84 | ANAMIKA SINGH GPA 3.83 | BIKASH BANIYA GPA 3.82 | JENISHA MANDAL GPA 3.81 | KARNA YADAV GPA 3.81 | MENUKA DHAKAL GPA 3.81 | PRAMISH RANABHAT GPA 3.81 | PRAYASH GURUNG GPA 3.81 | REBIKA PAKHRIN GPA 3.81 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| SAMJHANA K SAH GPA 3.8 | SADIKSHYA RIJAL GPA 3.78 | ANJAL SHRESTHA GPA 3.77 | SANGAM KHAREL GPA 3.77 | SALINA ROKA GPA 3.76 | PUJA KUSHWAHA GPA 3.75 | AAISHA KHATUN GPA 3.73 | AASHIKA K GAUTAM GPA 3.73 | CHANDAN SAH GPA 3.73 | KAUSHALYA LAMICHHANE GPA 3.73 | KRISHAL RAI GPA 3.73 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| REJINA UPRETI GPA 3.73 | SHIKSHA BASNET GPA 3.73 | AAYUSHA DHUNGANA GPA 3.72 | JEEYA DHAKAL GPA 3.72 | SALINA THAPA MAGAR GPA 3.72 | SAMRAJ BHATTARAI GPA 3.72 | SAPHAL KUMAR UPRETI GPA 3.72 | BIBEK CHAUDHARY GPA 3.71 | BIJAYA K CHAULAGAIN GPA 3.71 | BINAYAK NEUPANE GPA 3.71 | DILIP KUMAR SINGH GPA 3.71 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| NIRAJAN KHANAL GPA 3.71 | ROHIT KUMAR YADAV GPA 3.71 | SAMYAK KHADKA GPA 3.71 | SHANTA KUMAR SAH GPA 3.71 | BHUSHAN DAHAL GPA 3.70 | ISHIKA ARYAL GPA 3.70 | PRACHI ARYAL GPA 3.70 | PRINSHA ARYAL GPA 3.70 | SWASTIK BISTA GPA 3.70 | AASHIKA RIJAL CHHETRI GPA 3.69 | MUNNA KUMAR SHAH GPA 3.68 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| KRISH SHAHI KHADGI GPA 3.67 | RISHAV RAJAK GPA 3.67 | ROSHANI RAUNIYAR GPA 3.67 | SANGIT P ACHHAMI GPA 3.67 | ROHIT CHAPAGAIN GPA 3.66 | ARUN B KHATRI GPA 3.65 | BIBEK SHRESTHA GPA 3.65 | BIBIDHA DHUNGANA GPA 3.65 | NISHCHAL ADHIKARI GPA 3.65 | ROHIT KUMAR YADAV GPA 3.65 | SRIJANA KUMARI SAH GPA 3.65 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| DILASHA RAI GPA 3.64 | KRISHALA ARYAL GPA 3.64 | MOKSCHHYADA S. G. GPA 3.64 | SANGI LAMA GPA 3.64 | ARYAN GUPTA GPA 3.63 | RANU BASNET GPA 3.63 | AAKRITI THING GPA 3.62 | AAYUSHA GAUTAM GPA 3.62 | AAYUSHA RAYAMAJHI GPA 3.62 | PRAKRITI SUBEDI GPA 3.62 | SAMIKSHA KUMARI GPA 3.62 |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| BINAYA R. KHATIWADA GPA 3.61 | EKTA BAIDYA GPA 3.61 | KIRAN KUMARI SHAH GPA 3.61 | SADIKSHA KC GPA 3.61 | TANKA K. MAGAR GPA 3.61 | PRAGYAN SHAKYA GPA 3.60 | PRANJAL NEPAL GPA 3.60 | PRASAN SHRESTHA GPA 3.60 | PUSPA UPRETI GPA 3.60 | RACHU RAJBAHAK GPA 3.60 | SUMAN KUMAR GUPTA GPA 3.60 |

***Delivering top-notch education since 1995***

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना